# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, ललितपुर, HariharBhawan, Lalitpur, Nepal**


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ वैशाख २९ गते

## स्वास्थ्य अधिकारहरुको संरक्षण गर ।

मोरङ जिल्लाको विराटनगर लगायतका विभिन्न क्षेत्रहरुमा गत तीन सातादेखि फैलिएको जण्डिस तथा हेपाटाइटिस रोगको प्रकोपबाट १० जना व्यक्तिको मृत्यु भएको, ठूलो सङ्ख्यामा मानिसहरू रोगबाट प्रभावित हुन पुगेको र विद्यालयहरुसमेत बन्द हुने गरी जनजीवनमा असर पर्न गएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

"कोलिफार्म" मिसिएको पानीको वितरणबाट फैलिएको भनिएको सो रोगको कारण स्वास्थ्य संस्थाहरुमा बिरामीहरुको चाप दिनहूँ अत्याधिक रुपमा बढ्न गएको तथा व्यवस्थित र प्रभावकारी उपचार हुन नसकेको पाइएको छ । सरकारले स्थानीय रुपमा र्‍यापीड रेस्पोन्स टिम परिचालन गरेको भनिए पनि स्वास्थ्यसम्बन्धी निकायहरुबीच समन्वयको अभावमा समयमै बिरामीको उपचार, रोकथामसम्बन्धी कार्य प्रभावकारी रूपमा हुन नसकेको पाइन्छ । रोगको कारण विद्यालयहरुसमेत बन्द हुनगएकोले बालबालिकाको शिक्षाको अधिकार समेत कुण्ठित हुनजाने देखिन्छ । रोगको गम्भीरतालाई मध्यनजर गरी राष्ट्रियस्तरबाटै रोगको रोकथाम, उपचार र भविष्यमा यस्तो अवस्था आउन नदिने तर्फ पहल गर्नु तथा रोगको तत्काल नियन्त्रणका उपाय अवलम्वन गर्न आवश्यक छ । घटनाको सम्बन्धमा सत्यतथ्य अनुगमन गर्न आयोगको क्षेत्रीय कार्यालय विराटनगरको एक टोली खटिईसकेको छ ।

अतः आमनागरिकको स्वास्थ्योपचार, बालबालिकाको शिक्षा तथा जीवनको अधिकार लगायत संविधान प्रदत्त मौलिक हकहरुको सम्मान गर्न, उपभोक्ताहरुका सवै अधिकारहरुको संरक्षण गर्न तथा तत्काल प्रभावितहरुलाई सुलभ उपचारको व्यवस्था, रोगको प्रकोप थप फैलन नदिने गरी आवश्यक उपायहरु अबलम्बन गर्नुका साथै स्वस्थ्य पीउने पानीको व्यवस्था र सो रोगसँग सम्बन्धित जनचेतनाका कार्यहरु समेत तत्काल शुरु गरी जनजीवन सहज बनाउने तर्फ आवश्यक पहल गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

......................

वेदप्रसाद भट्टराई

कामु सचिव